# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

## गौरीगङ्गा नगरपालिका, कैलाली

नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति : २०७७।१२।२४

प्रमाणीकरण मितिः २०७८।०१।०७

## १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ मा सबै व्यक्तिहरुको सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ मा राज्यले गर्नु पर्ने दायित्वको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफनो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालीन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

यसै सन्दर्भमा गौरीगङ्गा नगरपालिकाले लैङ्गिकमैत्री समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भुमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले **“यस नगरपालिकाका “लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७”** तर्जुमा गरिएको छ ।

## २. विद्यमान अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । वदलीदो राजनितिक परिस्थिति र संवैधानिक ब्यबस्था अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७६ तर्जुमा गरेको छ । गौरीगङ्गा नगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, नगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी संवेदनशील भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु

तर्जुमा, नगरपालिकाले हिंसा पीडित महिलालाई सहयोग पुरयाउन लैङ्गिक हिंसा निवारण कोष कार्यविधि निर्माण तथा कार्यान्वयन, महिलाका लागि छुटै स्तनपान कक्षको ब्यबस्था, कोभिड-१९ को रोकथाम र ब्यबस्थापनका लागि क्वारेन्टाईन र आईसोलेसन बनाउदा महिलाहरुको सुरक्षालाई ध्यानमा राखी छुट्टै आईसोलेसन तथा क्वारेन्टाईन केन्द्रको ब्यबस्था, नगरपालिका भित्र अपाङ्गता हेल्प डेस्क स्थापना र संरचना निर्माण गर्दा अपांगतामैत्री बनाउन प्रयास गरिएको छ ।

### ३. प्रमुख समस्या, चुनौति र अवसरहरु

समावेशी लोकतन्त्रलाई सस्थागत गर्न,सामाजिक न्याय कायम गर्न र नगरपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण आवश्यक छ । यद्यपी यस नगरपालीकाको सन्दर्भमा लैङ्गिकसमानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरु मुलतः देहाय अनुसार रहेका छन ।

### ३.१ समस्याहरु

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु,
२. नगरपालीकाको योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल मुलप्रवाहीकरण नहुनु,
३. नियमितरुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण नहुनु,
४. आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु,
५. लक्षित वर्गको अवसर र लाभ वितरण न्यायोचित र पहुँच सुनिश्चत हुन नसक्नु,
६. बञ्चितीकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न नसक्नु,
६. नगरपालिकाबाट गठन हुने समिति र सँरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भावना समेटन नसक्नु,
७. नगरपालिको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणालाई अवलम्बन गर्न नसक्नु,
८. विभिन्न लक्षित वर्ग, क्षेत्र, र समुदाय विच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,
९. विभिन्न लिङ्ग, वर्ग क्षेत्र समुदाय र जातजाती विच हुने ब्यबहारगत विभेद हट्न नसक्नु,
१०.लक्षित वर्गमा पनि सुविधाविहीनको पहुँच नपुग्नु र त्यसको फाईदा उक्त समुदाय/ वर्ग/जातका सम्भ्रान्तहरुले हातपार्नु ।

### ३.२. चुनौतीहरु

१. नगरपालिका अन्तर्गत समिति तथा संरचनाहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री कायम गर्ने,

२. समाजमा विद्यमान रहेका कुरीति र रुदीवादी मुल्यमान्यताहरु हटाउने,
३. लक्षित वर्गको शिक्षा र आयस्तरमा बढाउने,
४. लाभ वाडफाँडमा लक्षित वर्गको पहुँचमा सुनिश्चिता गर्न,
५. विद्यमान कानुनी ब्यबस्थाकावारेमा लक्षित वर्ग लाई अद्यावधिक गराउन,
६. लक्षित वर्गको प्राथमिकता योजना तर्जुमा भन्दा आयआर्जन हुनु,

**३.३ अवसरहरु**

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका ब्यबस्थाहरु, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारले अन्तराष्ट्रियरुपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानुन निर्माण तथा नीति निर्माण गर्ने अधिकारले नगरपालीकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैससास मैत्री वजेट तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ ।

**४. आवश्यकता तथा महत्व**

नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधान गर्न एवम देहायका कारणले यस नीति आवश्यक रहेको छ ।
१. नगरपालिमा लैससास सम्बन्धी शासन ब्यबस्थाको प्रवर्द्धन गर्न ।
२. नगरपालिमा योजना तर्जुमा प्रकिलाई लैससासमैत्री बनाउन ।
३. नगरको नीति तथा कार्यक्रम र वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।
३. नगरपालिको नीति कानून र संरचनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्न ।
४. नगरपालिका अर्न्तगत सन्चालन हुने नीति, योजना तथा कार्याक्रमलाई मार्गदर्शन गर्न ।
५. सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्धी कानूनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन ।
६. राष्ट्रियतथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, संघीय र प्रदेश सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न ।
७. लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको व्यवस्था गर्न ।
८. गुनासो सुनुवाईको उचित ब्यबस्था गर्न ।
९. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न ।

**५. दीर्घकालीन सोंच**

- विभेदरहित, समतामूलक, र समृद्ध, सुखी र सभ्य समाजको निर्माण ।

६. लक्ष्य :

- लैङ्गिक तथा सामाजिक उत्तरदायी संस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाज निर्माण गर्ने ।

७. उद्देश्यहरु :

१.नगरपालिकाको नीति, व्यवस्था, कार्यक्रम तथा वजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा उत्तरदायी बनाउने ।

२. पछाडि पारेका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने ।

३. पछाडि पारिएका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

४.सरोकारवालाहरु बिच बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानून कार्यान्वयनमा सहयोग पुरयाउने ।

५. नेपाल सरकारले प्रतिवद्धता गरेको दिगो विकासको लक्ष प्राप्त गर्ने ।

६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्ने ।

८. नीति,रणनीति तथा कार्यनीतिहरु

मुख्य नीतिहरुः

८.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सन्दर्भमा यस नगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,

८.२. नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,

८.३. नगरपालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाउने,

८.४. सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघसंस्थाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने

८.५. लक्षित वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

८.१ रणनीतिहरु तथा कार्यनीतिहरु

**नीति-१:लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सन्दर्भमा यस नगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,**

रणनीति

१.१ लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने,

१.२.नगरपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुकुल हुने गरी गर्ने,

१.३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने,

कार्यनीति

१.१.१ नगरपालिकाको विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ,

१.१.२. नगरपालिकाको आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा लैससासको अनुकुल हुने गरी गरिनेछ,

१.२.१. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारेका वर्ग र समुदायको आवश्यकता पहिचान गरिने छ,

१.२.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई वार्षीक योजना आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिने छ,

१.२.३. .नगरपालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिकअल्पसङख्यक, सिमान्तकृत तथा पछाडि पारेका वर्ग र समुदायका लागि न्युनतम प्रतिशत तोकीने कुरा अर्थपूर्ण सहभागिता नीतिबाटै सुनिश्चित गरिनेछ,

१.२.४. प्राकृतिक विपत तथा महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाको नीति तयार गरिने छ,

१.३.१. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति तथा वडातहसम्म उपसमितिहरुको संरचनाहरु विकास र विस्तार गरिने छ,

१.३.२. उक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति र उपसमितिहरुको काम, जिम्मेवारी र अधिकारहरु स्पष्टसँग निर्कौल गरी परिचालन गरिने छ,

१.३.३.उक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति र उपसमितिहरुलाई कायसम्पादन प्रभावकारीतापूर्वक गर्न क्षमता विकास को व्यवस्था गरिने छ ।

**नीति-२: नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने,**

**रणनीति**

२.१.नगरपालिकाको योजना तर्जुमाका लागि सहभागितात्मक नीति र कार्यविधि तर्जुमा गर्ने,

२.२नगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्ने,

**कार्यनीति**

२.१.१. स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदायको अर्थपुर्ण सहभागीता गराईने छ,

२.१.२. प्रत्येक वर्ष लक्षित समुदायका लागि वजेट तथा कार्यक्रम विनियोजनको ब्यबस्था गरिने छ ,

२.१.३. नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदायसम्म पुर्‍याउन सञ्चारका माध्यमवाट सम्प्रेषण गरिने छ,

२.२.१.नगरपालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सिमान्तकृत तथा पछाडि पारेका वर्ग र सवै समुदायको प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिने छ,

२.२.२.नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र सबै समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गरिने छ,

२.२.३ नगरपालिका मार्फत गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडि परेका वर्ग र सबै समुदायको अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

**नीति-३: नगरपालिकाका कार्यकम तथा वजेट न्यायोचित र लैङ्गिक उत्तरदायी बनाउने,**

**रणनीति**

३.१. नगरपालीकाको योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी कार्यविधि बनाउने,

३.२. सामाजिक न्यायको दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुरा सुनिश्चितता गर्न, सामाजिक लेखा परिक्षण (Social Audit) तथा गुनासो सुन्ने संयन्त्रको व्यवस्था गर्ने,

३.३. नगरपालिकाको अनुगमन मूल्याङ्कन प्रणाली र सूचकहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउने छ ।

कार्यनीति

३.१.१ नगरपालिकाको वर्गीकृत तथ्याङ्क नियमित अद्यावधिक र प्रकाशन गरी योजना तर्जुमा साथै प्रगति समीक्षा गर्न प्रयोग गरिने छ,

३.१.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट  महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्क अल्पसङख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडि पारेका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ,

३.१.३. नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईने छ,

३.२.१. नगरपालिकाको वजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको द्वृष्किोणवाट परीक्षण गरिने छ,

३.२.१.नगरपालीकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति तोकेर स्पष्ट कार्यजिम्मेवारी उपलब्ध गराईने,

३.२.३.. नगरपालिकाका सूचना सम्प्रेषण गर्दा नेपाली भाषा र लक्षित समुदायहरुको मातृ भाषामा समेत सम्प्रेषण गरिने छ,

३.२.४. नगरपालिका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई गरिने छ,

३.२.५. सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई उचित सम्बोधन  गर्न सुचित गरिने छ,

३.२.६. नगरपालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ,

३.३.१. नगरपालिकाको अनुगमन मूल्याङ्कन प्राणली र सूचकहरुलाई परिमार्जित गरी वर्गिकृत सूचना व्यवस्था र प्रतिवेदन दिने व्यवस्थाको गर्ने छ,

३.३.२. नगरपालिकाले कार्यप्रणाली  समिक्षा गर्दा वर्गिकृत सूचना र प्रतिवेदनलाई आधार गर्ने व्यवस्था गर्नेछ ।

**नीति-४:सेवा प्रदायक,  सरोकारवाला, अधिकारवादि संघसंस्थाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने ।**

रणनिति

४.१. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्धी क्षमता अभिवृद्धि कार्यविधि तर्जुमा गर्ने,

४.२. नगरपालिकाको विभिन्न समितिहरु तथा कार्यरत कर्मचारीमा क्षमता विकास कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषयहरु समावेश गर्ने,

४.३. सरोकारवाला र, अधिकारावादि संघसंस्थाहरुको क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्य गर्ने ।

**कार्यनिति**

४.१.१ नगरपालिकाको सेवा प्रदायकहरु, सरोकारवाला,अधिकारवादी संघसंस्थाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धमा क्षमताको पहिचान गरी आवश्यकता र क्षमता अभिवद्धि कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने छ,

४.२.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि मुख्य प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचालन गर्ने छ,

४.२.२. नगरपालिकाको अर्न्तगत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र सघंसंस्थाहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण का समस्या र चुनौतिहरुको अवलम्बन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्दै लैजाने छ,

४.२.३. नगरपालिकावाट सञ्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणे विषय समेटने साथै नगरपालिकाको महिला तथा बालबालिका शाखा मार्फत कुनै पनि कार्यकममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि समेटनुपर्ने विषय तर्जुमा गरी कार्यान्वयन गरिने छ,

४.२.४.लैङ्गिक हिंसा, घरेलुहिंसा अन्धविश्वास, छुवाछुत, कुरीति, लगायतका गलत परम्परागत हानीकारक मुल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ सस्थालाई अभिमुखीकरण गरिने छ,

४.२.५ विभिन्न सञ्चारका माध्यमवाट सचेतनामूलक सन्देश तथा कार्यकमहरु सञ्चालन तथा प्रशारण गरिने छ ,

४.२.६लैङ्गिकहिंसा विरुद्धमा विद्यमान कानुनमा भएका ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईने छ ,

४.२.७.स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्ति लाई असल कामको प्रवर्द्धन गर्न वार्षिकरुपमा प्रोत्साहन गरिने छ ,

४.२.८.अन्तर पालिका तह तथा वडा तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्धी भएका असल अभ्यासहरु तथा सिकाई आदान प्रदान गरिने छ,

४.२.९.नगरपालिकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाका वारेमा अभिमुखीकरण गरिने छ,

.

४.२.१०. वार्षिकरुपमा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने खालका सूचना शिक्षा र सञ्चार सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिने छ,

४.२.११. स्थानीय तहमा गठन हुने बालक्लब, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसमन्धी अभिमुखीकरण गरिने छ ,

४.२.१२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई न्यायिक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिने छ,

४.२.१३. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनोपयोगी कार्यक्रमहरुको सञ्चालन गराउने,

४.२.१४.लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engagé)अर्थपुर्ण सहभागिता गराउने ।

**नीति-५: लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने।**

**रणनिति**

५.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,

५.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखी संघ सस्थाहरुसंग समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

५.१.१. नगरपालिकावाट सञ्चालीत योजना तथा कार्यकमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, सिमान्तकृत तथा पछाडी पारेका वर्ग र समुदायका व्यक्तिहरुको सहभागिता र लाभमा वर्गिकृत तथ्याङ्क सङकलन गर्ने र नियमित रुपमा अध्यावधिक गरिने छ,

५.१.२.नगरपालीकावाट आयोजनाको अनुगमन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणवाट अनुगमन तथा मुल्याङकन गरिने छ,

५.१.३.नगरपालिकावाट सञ्चालन हुने प्रगती समिक्षाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणवाट प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारिताको पुनरावलोकन तथा समीक्षा गर्ने,

५.१.४.नगरपालिकाबाट सञ्चालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकीकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दीर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सूचाङकहरुको सूची तयार गरिने छ,

५.२.१. सरोकारवाला र अधिकारावादी संघसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,

५.२.२. सो संस्थाहरुलाई लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउन समन्वय र सहकार्य गर्ने,
५.२.३. सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याउने छ ।

**९.नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।**

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखीम तथा चुनौती र जोखिमको न्यूनीकरण लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क.स | सम्भावित जोखिम | जोखिम न्युनीकरणका उपायहरु |
|---|---|---|
| १. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानीय तहको प्राथमितामा नपर्नु । | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने । |
| २. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । |
| ४. | आर्थिक स्रोतको अभाव हुनु । | स्थानियतहको एकमुष्ठ बजेटबाट लक्षित समुदायकोलागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षकोबजेट गत वर्षको तुलनामा बजेट बढाउदै लैजाने (प्रगतीशिल बजेट) । |

**१०. अपेक्षित उपलब्धिहरु**

क) नगरपालिकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी हुनेछ ।.

ख) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुनेछ ।

ग) नगरपालिकाको कार्यक्रम तथा वजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी हुनेछ ।

ध)सेवा प्रदायक, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुकोलैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली हुनेछ ।

ङ) नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न र राष्ट्रिय तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका अर्न्तराष्ट्रिय प्रतिवद्धता,संघिय र प्रदेश सरकारका गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा हुने छ ।

११. कार्यान्वयनको कार्ययोजना

| क.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | नगरपालिका विद्यमान ऐन कानुन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | गौरीगङ्गा नगरपालिका | विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ३ महिना भित्र |
| २. | नगरपालिका जनप्रतिनिधि र सरोकारवाला निकाय बिचमा लैससासस नीतिको औचित्य, महत्व र यसबाट पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको २ महिना भित्र । |
| ३. | नगरपालिमा लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विकास निरन्तर रुपमा बर्षभरी । |
| ४. | नगरपालि र यस अर्न्तगतका ११ वटै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दे जाने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ५. | नगरपालि ११ वटै वडामा नितिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडामा लेससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको छ महिना भित्र |
| ६ | लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने । | गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | कम्तीमा वर्षको एकचोटी हरेक आर्थिक वर्षको अन्तमा |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रत्येक ३/३ बर्षमा लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने । | गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी |
| ८ | नीति कार्यान्वनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएपछी प्रत्येक ६/६ महिनामा |
| ९ | नगरपालिको नियमित बजेटबाट न्यूनतम प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र |
| १० | नगरपालिकाको लैससासउत्तरदायी वजेट प्रयोगमा ल्याउने साथै लैससास लेखाजोख गर्ने (GESI Audit) | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | प्रत्येक आर्थिक वर्षको १ पटक |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नगरपालिकामा लक्षित वर्गको खण्डीकृत तथ्यांक को अभिलेख राख्ने र सोको अद्यावधि गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गौरीगङ्गा नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ४ महिना भित्र |

**१२. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको  कार्यान्वयन समिति**

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न

**क) यस नगरपालिका स्तरमा देहाय बमोजिमको लैंगिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| घ) सामुदायिक संघ सस्था मध्येवाट संयोजकले तोकेका कम्तीमा दुई महिला सहित पाँच जना | सदस्य |
| ङ)महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

**ख) नगरपालिका प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्य महिला, दलित र पिछडा वर्ग बाट ३ जना | सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |

**समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई नगरपालिकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने,

ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने,

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

घ) नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने ,

ङ) नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्याङकन गर्ने गराउने,

च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको वर्गिकृत तथ्याङक संकलन एवं विश्लेषण गर्ने,

छ) आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित उप महानगरपालीकालाई सुझाव दिने,

छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी सघसंस्थाहरु सँग समन्वय र सहकार्य गर्ने र गराउने,

झ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

ञ) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ । वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

**१३. नीतिको पुनरावलोकन तथा सुधार**

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याङकन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ ।

**१४ खारेजी तथा बचाउ**

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानून संग वाझिएमा बाझिएको हद सम्म सम्बन्धीत कानून बमोजिम नै हुने छ ।

.......................................

भिम बहादुर देउवा
नगर प्रमुख
गौरीगङ्गा नगरपालिका चौमाला, कैलाली